# मानव अधिकार अवस्थाको मासिक विश्लेषण

(मासिक विश्लेषण-असोज, २०७८)[1]

नेपालको पहिलो मानव अधिकार समाचार पोर्टल inseconline.org मा प्रकाशित समाचार अनुसार ०७८ असोज महिनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट ५४ जना महिला र २० जना पुरुष गरी ७४ जना पीडित भए । प्रकाशित समाचार अनुसार बागमती र लुम्बिनी प्रदेशमा १६/१६, प्रदेश २ मा १४, प्रदेश १ मा ११, कर्णाली र सुदूरपश्चिम प्रदेशमा ६/६ र गण्डकी प्रदेशमा पाँच जना पीडित भए ।

| प्रदेशका आधारमा पीडित सङ्ख्या (२०७८ असोज) | | | |
|---|---|---|---|
| प्रदेश | पीडित सङ्ख्या | | |
| | पुरुष | महिला | जम्मा |
| १ | १ | १० | ११ |
| २ | ४ | १० | १४ |
| बागमती | १ | १५ | १६ |
| गण्डकी | २ | ३ | ५ |
| लुम्बिनी | ७ | ९ | १६ |
| कर्णाली | २ | ४ | ६ |
| सुदूरपश्चिम | ३ | ३ | ६ |
| जम्मा | २० | ५४ | ७४ |

असोज महिनामा प्रहरीको गोली लागी चार जनाको मृत्यु भएको छ । यो अवधिमा पत्नी हत्याका तीन, परिवारजनबाट हत्याका दुई, बलात्कारपछि हत्याको एक र अन्य घटनामा चार गरी १४ जनाको हत्या भएका समाचार प्रकाशन गरिएको छ । त्यसैगरी यो अवधिमा दुई जनाको मृत्यु कारागारमा भएको छ भने एक जनाको मृत्यु हिरासतमा भएको समाचार प्रकाशन गरिएको छ ।

असोज महिनामा अपहरणका घटनामा दुई जना, कुटपिटका घटनामा सात जना, घाइते दुई जना, दुर्व्यवहारका घटनामा चार जना पीडित भएका समाचार प्रकाशन गरिएको छ । त्यसैगरी असोज महिनामा बाल अधिकार उल्लङ्घनका घटनामा २६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना पीडित भएका समाचार प्रकाशन गरिएको छ ।

असोजमा प्रकाशित समाचारमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा परी २६ जना बालिका पीडित भए । अभिलेखित घटनाहरूमध्ये बलात्कारका घटनामा १९ जना, यौन दुर्व्यवहारका घटनामा ६ जना, बेचबिखन प्रयासको घटनामा एक जना र विद्यालयमा शारीरिक दण्ड सजायको घटनामा एक जना पीडित भए ।

महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना पीडित भए । जसमा बलात्कारका घटनामा ६ जना, बलात्कार प्रयासका घटनामा ६ जना, यौन दुर्व्यवहारको घटनामा एक जना, बेचबिखन, बेचबिखन प्रयास र घरेलु हिंसाका घटनामा एक/एक जना महिला पीडित भए ।







असोज महिनामा मात्रै पीसीआर विधिबाट २ लाख ४३ हजार ५ सय ६८ ओटा स्वाब परीक्षण गरिएकोमा २१ हजार ९ सय ६२ जनामा कोभिड पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको तथ्याङ्कलाई

[1]इन्सेकले विगत २९ वर्षदेखि नेपालको मानव अधिकार अवस्थाबारे अभिलेख गर्नुका साथै यसको प्रसार गरिरहेको छ । देशका ७७ जिल्लामा रहेका इन्सेकका जिल्ला प्रतिनिधिमार्फत इन्सेकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अभिलेख गर्ने गरिन्छ । यसैगरी, मानव अधिकार अवस्थाको दैनिक अभिलेख तथा प्रसार गर्ने उद्देश्यले इन्सेकले www.inseconline.org मार्फत हरेक दिन नेपालको मानव अधिकार अवस्थासम्बन्धी समाचार प्रकाशन गर्दै आएको छ । यो मासिक विश्लेषण इन्सेकअनलाइनमा प्रकाशित समाचारहरूको आधारमा तयार पारिएको हो । इन्सेकले अघिल्लो महिनाको मानव अधिकार अवस्थालाई समेटेर हरेक महिनाको ७ गतेभित्र मासिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका आधारमा मानव अधिकार अवस्थाको सार्वजनिकीकरण गरी सरोकारवाला निकायलाई जबाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने र मानव अधिकार अवस्थाका बारेमा जान्न चाहनेहरूका लागि यो मासिक विश्लेषण उपयोगी हुने हामीले अपेक्षा गरेका छौं ।

आधार मानी विश्लेषण गर्दा असोज महिनामा परीक्षण गरिएका स्वाबमध्ये नौ प्रतिशतमा कोभिड सङ्क्रमण पुष्टि भएको छ। असोज १ गते निको दर ९५.३ प्रतिशत थियो भने असोज ३१ गते ९७.०७ प्रतिशत निको दर छ। असोज महिनामा २ सय ७२ जना कोभिड सङ्क्रमितको मृत्यु भएको छ। असोज ३१ गतेसम्म ११ हजार २ सय ८४ जनाको मृत्यु भएको मन्त्रालयद्वारा जारी तथ्याङ्कमा उल्लेख छ। असोज महिनामा ९ लाख ६१ हजार ७ सय ७९ जनालाई पूर्ण खोप प्रदान गरेको मन्त्रालयले जनाएको छ। असोज ३१ गतेसम्म ६४ लाख ६९ हजार १ सय ५९ जनालाई पूर्ण खोप दिइएको छ। कोभिड-१९ सम्बन्धी दैनिक अपडेट तथा साप्ताहिक विश्लेषण इन्सेक अनलाइनमा उपलब्ध छ।[३]

---

*लुम्बिनी प्रदेशको रुपन्देहीस्थित मोतिपुर औद्योगिक क्षेत्रमा असोज २४ गते प्रहरी र सुकुम्बासी समूहबिचको झडपमा सशस्त्र प्रहरी बलले गोली चलाउँदा चार जनाको मृत्यु भएको छ। कपिलवस्तु जिल्ला बाणगङ्गा नपा-१० का ४८ वर्षीय रमेश परियार, रुपन्देहीकै शुद्धोधन गाउँपालिका-५ का ३८ वर्षीय वीरेन्द्रप्रसाद कुर्मी, नवलपरासी पूर्व स्थायी घर भइ हाल तिलोत्तमा नपा, शङ्करनगर बस्ने १८ वर्षीय युजन कुमाल र नवलपरासी पश्चिम सरावल गाउँपालिका-३ का ४२ वर्षीय केशनारायण केवटको मृत्यु प्रहरीले चलाएको गोली लागेर भएको हो। इन्सेक रुपन्देही प्रतिनिधिका अनुसार औद्योगिक करिडोर क्षेत्रमा अतिक्रमण गर्न बसेका भनिएकाहरू र सुरक्षाकर्मीबिच झडप हुँदा सो घटना हुन पुगेको र प्रहरीले गोली चलाउँदा ५० जनाभन्दा बढी घाइते भएका छन्। घाइतेमध्ये ४१ जनाको उपचार लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भइरहेको छ। साथै, अन्य घाइते भएका १७ जना प्रहरी र २४ जना प्रदर्शनकारीमध्ये चार जना प्रहरीको स्वास्थ्य अवस्था गम्भीर भएका कारण थप उपचारका लागि काठमाडौँ ल्याइएको छ।*

*घटनाको विस्तृत अध्ययन गर्न इन्सेक लुम्बिनी प्रदेश प्रमुख भोला महतको नेतृत्वमा मानव अधिकारकर्मीको एक टोली कात्तिक ४ गते रुपन्देही गएको छ। सुकुम्बासी बस्तिका नागरिकहरूसँगको मुठभेडमा भएको यस प्रकारको घटनाप्रति इन्सेकले असोज २६ गते प्रेस विज्ञप्तिमार्फत असोज २६ गते सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ। प्रारम्भिक सूचनाका आधारमा इन्सेकले सशस्त्र प्रहरी बलका तर्फबाट घटनामा अत्यधिक बल प्रयोग भएको जनाएको छ। नवीय क्षतिको अवस्था आएको प्रारम्भिक सूचनाले देखाएको छ। प्रदर्शनकारीले पनि संयमता नअपनाइ सुरक्षकर्मीमाथि आक्रमण गरेबाट प्रदर्शनलाई शान्तिपूर्ण भन्न मिल्ने अवस्था देखिएन। मोतिपुर घटनाको सत्यतथ्य पत्ता लगाई दोषी उपर कारवाही गर्न र उच्चस्तरीय संयन्त्र गठन गर्न इन्सेकले आग्रह गरेको छ। त्यसैगरी पीडित नागरिकहरूको अधिकार र न्यायको सुनिश्चितता गर्न नेपाल सरकारसँग इन्सेकले जोडदार माग गरेको छ।* ***हे. इन्सेकले जारी गरेको प्रेस विज्ञप्ति***

---

*२०७८ कात्तिक ७ गते*

इमेल: inseconline@insec.org.np

वेबसाइट: www.inseconline.org, www.insec.org.np

---

[३] http://inseconline.org/np/%e0%a4%95%e0%a5%8b%e0%a4%ad%e0%a4%bf%e0%a4%a1-%e0%a5%a7%e0%a5%af/

इन्सेकले जारी गरेको प्रेस विज्ञप्ति

https://inseconline.org/np/press/%e0%a4%85%e0%a4%a4%e0%a5%8d%e0%a4%af%e0%a4%be%e0%a4%a7%e0%a4%bf%e0%a4%95-%e0%a4%ac%e0%a4%b2-%e0%a4%aa%e0%a5%8d%e0%a4%b0%e0%a4%af%e0%a5%8b%e0%a4%97-%e0%a4%ac%e0%a4%a8%e0%a5%8d%e0%a4%a6-%e0%a4%97/